# शिक्षण सिकाई वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत

शैक्षिक योजना तथा ब्यवस्थापन विषयमा

स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक

आवश्यकता पूरागर्ने प्रयोजनको

लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

डोमी साह

एम.एड. द्वितीय वर्ष

त्रि. वि. दर्ता नं. : ४४८२७-९०

क्याम्पस रोल नं. : ३४६

परीक्षा रोल नं. : २१४००४३

शैक्षिक सत्र : २०६३/०६४

श्री सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


भाद्र, २०६९


शिक्षण सिकाई वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव शोधार्थी कोड. ८९ डोमी साह

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नको लागि स्वीकृत “सामुदायिक प्राथमिक विद्यालयहरूमा शिक्षण सिकाई वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव” अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेको छु ।

यो शोधपत्र तयारीको क्रममा सुरूदेखि नै अमूल्य समय प्रदान गरी मार्गनिर्देशन गर्नुभई यस अध्ययन कार्यलाई सफल पार्न, शोधपत्रको प्रारूप तयार पार्न र यसलाई पूर्णता दिन सल्लाह, सुझाव एवम् निर्देशन गर्नुहुने आदरणीय गुरू तथा शोधनिर्देशक श्री ऋषिराज धिमाल र विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठ ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो अध्ययनमा सूचना सङ्कलन गर्न सहयोग गर्नुहुने पथरी स्रोतकेन्द्रका स्रोतव्यक्ति सोमनाथ निरौलाप्रति पनि आभार व्यक्त गर्दछु । त्यसैगरी शोधकार्यको लागि तथ्याङ्क संकलनमा सहयोग प्रदान गर्नुहुने ६ विद्यालयका प्र.अ. ज्यूहरू, प्रश्नावली भर्न सहयोग गरिदिनु हुने सम्पूर्ण १२ जना शिक्षक ज्यूहरू, अभिभावक र विद्यार्थीहरूप्रति पनि हार्दिक धन्यवाद टक्रयाउँछु ।

यो शोधपत्र लेखन कार्यमा समय र वातावरण मिलाउन सहयोग गर्ने सोध संगिनी श्रीमति मुनि साह र छोरा महेश साहलाई पनि धन्यवाद दिन चाहन्छु । अन्तमा छिटो, छरितो र शुद्धसँग शोधपत्रको कम्प्यूटर टाइप गरी प्रारूप तयार पार्न सहयोग गर्नुहुने पथरी, मोरङका बुद्धकुमार बिष्ट ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**प्रस्तुतकर्ता :**

डोमी साह

श्री सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर-४, मोरङ

# शोधसार (Abstract)

"शिक्षण सिकाई वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभाव" शीर्षक सम्बन्धी विषयमा यो अध्ययन केन्द्रित गरिएको छ। यस अध्ययनको मुख्य उद्देश्य शिक्षण सिकाई वातावरणले विद्यार्थी भर्नामा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ।

प्रस्तुत अध्ययनको क्रममा मोरङ्ग जिल्लाको पथरी स्रोत केन्द्रमा आवद्ध भएका ४ गा.वि.स का ४१ वटा सामुदायिक विद्यालयहरुमध्ये यादृच्छिक नमूना छनौट र उद्देश्यमूलक छनौट विधिवाट ६ विद्यालयहरुका प्राथमिकतहरुको कक्षा १-३ सम्मलाई प्रस्तुत अध्ययनका लागि छनौट गरिएको छ। यो अध्ययनमा गुणात्मक र परिमाणात्मक मिश्रित ढाँचाको प्रयोग गरिएको छ।

यस शोध अध्ययनका लागि विद्यार्थीको भर्ना अवस्था र सिकाई उपलब्धि सम्बन्धित विद्यालयको विद्यार्थीको भर्ना अभिलेख, मार्क लेजरबाट उनीहरूका अभिभावक, उनीहरूलाई अध्यापन गराउने शिक्षकहरू र प्रधानाध्यापकहरूसँग अन्तर्वार्ता र छलफलका आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । यी तथ्याङ्कहरूको आधारमा विश्लेषण गर्दा विद्यार्थी भर्नाको अवस्था बर्षेनी घट्दो क्रममा रहेको देखिन्छ । यस बाट सामुदायिक प्राथमिक विद्यालयहरूमा शिक्षक दरवन्दी प्रभावित हुने देखिन्छ । सामुदायिक प्रा.वि.हरूमा पूर्व प्राथमिक कक्षाको व्यवस्था नभएको, निःशुल्क शिक्षा प्रति अभिभावकको आत्मविश्वास कम भएको, सामुदायिक प्रा.वि.हरूमा राजनैतिक हस्तक्षेप बढेको र विद्यालय व्यवस्थापन कमजोर भएको पाइयो । साथै प्र.अ., शिक्षक र कर्मचारीले आफ्ना छोराछोरीहरूलाई निजी विद्यालयमा पढाउने गरेको पाइयो ।

सामुदायिक विद्यालयको कक्षा १ देखि अङ्ग्रेजी माध्यममा पठन-पाठनको व्यवस्था गर्नुपर्ने, अभिभावकलाई हरेक विद्यालयमा हुने कार्यक्रममा सरिक गराउनु

पर्ने, अभिभावकलाई विद्यालय प्रति उत्तरदायित्व बहन गर्न प्रोत्साहित गर्नुपर्ने, विद्यालयमा प्रतिस्पर्धाको वातावरण निर्माण गरी ब्यापारीकरण गरिएको निजी विद्यालयहरूलाई निरूत्साहित गर्नुपर्ने, विद्यार्थी केन्द्रित सिकाई अन्तर्गत बालमैत्री शिक्षण विधी लागु गर्नुपर्ने, तालिम प्राप्त शिक्षकहरूलाई पुनर्ताजगी तालिमको ब्यवस्था गर्नुपर्ने, प्र.अ., शिक्षक र कर्मचारीले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनु पर्ने, विद्यालयको स्रोत र साधनमा अभिभावकको सहभागिता बढाउनु पर्ने जस्ता सुझावहरू यस अध्ययनले दिएको छ । समग्रमा यो शोध अध्ययनले विद्यार्थी भर्नामा देखिएका समस्याहरू र उक्त समस्याको समाधानका उपाय सम्बन्धमा अध्ययन गर्न चाहने जो कोहीलाई थोरै भएपनि सहयोग पुग्ने आशा गर्दछु ।

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञता ज्ञापन | | III |
| शोधसार | | IV–V |
| विषय सूची | | VI–VII |
| तालिका सूची | | VIII |
| चित्र सूची | | IX |
| सङ्क्षिप्त शब्दको पूरा रूप | | X |
| | **परिच्छेद एक : परिचय** | १–६ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनका उद्देश्यहरू | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | शब्दावलीको अर्थ र परिभाषा | ६ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका** | ७–११ |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | ९ |
| २.३ | पुनरावलोकनको उपादेयता | ११ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | १२–१५ |
| ३.१ | अनुसन्धान ढाँचा | १२ |
| ३.२ | जनसंख्या | १२ |
| | | १२ |

| | | |
|---|---|---|
| ३.३ | नमूनाको आकार | १३ |
| ३.४ | नमूना छनौट विधि | १३ |
| ३.५ | नमूना छनौटको आधार | १३ |
| ३.६ | अनुसन्धानका साधनहरू | १४ |
| ३.७ | अनुसन्धानका साधनहरूको वैद्यता | १४ |
| ३.८ | तथ्याङ्कको स्रोतहरू | १५ |
| ३.९ | तथ्याङ्क सङ्कलन प्रक्रिया | १५ |
| ३.१० | तथ्याङ्क विश्लेषण प्रक्रिया | १६–२७ |
| | **परिच्छेद चार : तथ्याङ्कको ब्याख्या र विश्लेषण** | १६ |
| ४.१ | विद्यार्थी भर्नाको अवस्था | २३ |
| ४.२ | शिक्षण सिकाई वातावरणमा प्रभाव पार्ने तत्वहरु | २४ |
| ४.३ | विद्यार्थी भर्नामा देखिएका समस्या | २७ |
| ४.४ | समाधानका उपायहरू | २९–३३ |
| | **परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू** | २९ |
| ५.१ | प्राप्ति | ३० |
| ५.२ | निष्कर्ष | ३१ |
| ५.३ | सुझावहरू | XI |
| | सन्दर्भ सामग्री | XII-XXVI |
| | अनुसूचीहरू | |

# तालिका सूची


| | | पेज नं. |
|---|---|---|
| तालिका नं. १ | : सरस्वती प्रा.वि. पथरी अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १६ |
| तालिका नं. २ | : लक्ष्मी प्रा.वि. बयरवन अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १७ |
| तालिका नं. ३ | : दुर्गा प्रा.वि. शनिश्चरे अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १७ |
| तालिका नं. ४ | : मिलन प्रा.वि. शनिश्चरे अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १८ |
| तालिका नं. ५ | : अमरसिंह उ.मा.वि. हसन्दह अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १९ |
| तालिका नं. ६ | : दुर्गा प्रा.वि. हसन्दह अन्तर्गत विद्यार्थी भर्ना अवस्था | १९ |
| तालिका नं. ७ | : सामुदायिक प्रा.वि. प्रति अभिभावकको चासोको अवस्था | २१ |
| तालिका नं. ८ | : छनौट गरिएका विद्यालयको विद्यार्थी भर्नाको अवस्था | २२ |
| तालिका नं. ९ | : कक्षागत सिकाई उलब्धि | २५ |
| तालिका नं. १० | : शैक्षिक सत्र २०६६ सालको उत्तीर्णाङ्कको अवस्था | २६ |
| तालिका नं. ११ | : शैक्षिक सत्र २०६७ सालको उत्तीर्णाङ्कको अवस्था | २७ |

# चित्र सूची


| | | पेज नं. |
|---|---|---|
| चित्र नं. १ | : दुर्गा प्रा.वि. हसन्दह अन्तर्गत विद्यार्थी भर्ना अवस्था | २० |
| चित्र नं. २ | : छनौट गरिएका विद्यालयको विद्यार्थी भर्नाको अवस्था | २२ |

# सङ्क्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| आ.प्रा.शि.प. | : शैक्षिक सत्र |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| वि.नि. | : विद्यालय निरीक्षक |
| पा.वि.के. | : पाठ्यक्रम विकास केन्द्र |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | : जिल्ला शिक्षा अधिकारी |
| गा.वि.स. | : गाउँ विकास समिति |
| जि.वि.स. | : जिल्ला विकास समिति |
| कै. | : कैफियत |
| EFA | : Education for all |
| AED | : Academy for Educational Development |
| DOE | : Department of Education |
| M.Ed. | : Masters of Education |
| SIP | : School Improvement Plan |
| TQM | : Total Quality Management. |